केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०४/०८२/८३

मिति : २०८२/०९/२५

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा २०८२ माघ १ गतेदेखि लागू हुने गरी संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**भवदीय,**

२०८२/०९/२५

(रामु पौडेल)
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

१ श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२ श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।
३ श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग।
४ श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
५ श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
६ श्री नेपाल लघुवित्त बैंकर्स संघ।

# यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा. निर्देशन नं. २०/०८१ को बुँदा नं. ९ मा संशोधन | चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा<br><br>चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा लघुवित्त वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन रु. १० लाख वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत्गर्नु पर्नेछ। | चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा<br><br>चेक मार्फत् कारोबार गर्ने सम्बन्धमा लघुवित्त वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन **रु. ५ लाख** वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत्गर्नु पर्नेछ। |